**आकाशवाणी समाचार- नेपाली**

मितिः १० फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र सेशेल्स भूगोलले मात्र नभई इतिहास, विश्वास र भविष्यको लागि साझा दृष्टिकोणले पनि जोडिएको बताउनु भएको छ।

2. राष्ट्रपति द्रौपदी मुर्मुले भारत-सेशेल्स सम्बन्ध पारस्परिक विश्वास र सम्मान, लोकतन्त्र र बहुलवादमा साझा विश्वासमा आधारित रहेको बताउनुभयो।

3. वित्तमन्त्री निर्मला सीतारमणले २०२६-२७ को केन्द्रीय बजेटले व्यवसाय र उद्योगहरूको लागि आफ्नो नीतिगत दृष्टिकोणमा निरन्तरता, निश्चितता र सही पूर्वानुमान सुनिश्चित गर्ने सरकारको प्रतिबद्धतालाई स्पष्ट रूपमा प्रदर्शन गरेको बताउनु भएको छ।

4. केन्द्रीय कृषिमन्त्री शिवराज सिंह चौहानले भारत-अमेरिका व्यापार सम्झौता राष्ट्रिय हितमा सबैभन्दा राम्रो सम्झौता भएको बताउनु भएको छ।

5. अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले आईसीसी पुरुष T20 विश्वकप २०२६ को सबै निर्धारित म्याचहरूमा पाकिस्तानको सहभागिता पुष्टि गरेको छ।

**प्रधानमन्त्री-सेशेल्स**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो सेशेल्सका लागि १७ करोड ५० लाख डलरको विशेष आर्थिक प्याकेज घोषणा गर्नुभयो। नयाँ दिल्लीमा सेशेल्सका राष्ट्रपति डा. प्याट्रिक हर्मिनीसँग भेट गरेपछि संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै श्री मोदीले यो प्याकेजले आवास, ई-मोबिलिटी, व्यावसायिक तालिम, स्वास्थ्य, रक्षा र समुद्री सुरक्षामा सहयोग प्रदान गर्ने बताउनु भयो। भारत र सेशेल्सले स्वास्थ्य, मौसम विज्ञान, इलेक्ट्रोनिक्स र सूचना प्रविधि, र सुशासन सहित विभिन्न क्षेत्रहरूमा सात सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। यी सम्झौताहरूमा भारतीय मौसम विज्ञान विभाग र सेशेल्स मौसम विज्ञान प्राधिकरण बीचको प्राविधिक र वैज्ञानिक सहयोग समावेश छ। यस अवसरमा बोल्नु हुँदै श्री मोदीले भारत र सेशेल्स भूगोलले मात्र नभई इतिहास, विश्वास र भविष्यको लागि साझा दृष्टिकोणले पनि जोडिएका छन् भन्नु भयो। प्रधानमन्त्रीले भन्नु भयो, समुद्री छिमेकी र विश्वसनीय साझेदारको रूपमा, सेशेल्सले भारतको महासागर दृष्टिकोणमा विशेष स्थान राख्छ।

**बाइट**

**राष्ट्रपति-सेशेल्स**

राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा सेशेल्सका राष्ट्रपति प्याट्रिक हर्मिनीको सम्मानमा एक राजकीय भोजको आयोजना गर्नुभयो। उहाँलाई स्वागत गर्नु हुँदै राष्ट्रपतिले भारत-सेशेल्स सम्बन्ध पारस्परिक विश्वास र सम्मान, लोकतन्त्र र बहुलवादमा साझा विश्वासमा आधारित रहेको बताउनुभयो। उहाँले भन्नु भयो, हिन्द महासागरका लहरहरू र दुई देशका जनताबीचको गहिरो सांस्कृतिक सम्बन्धले हामीलाई जोड्दछ।राष्ट्रपति द्रौपदी मुर्मुले उल्लेख गर्नुभयो, यस वर्ष सेशेल्सले

स्वतन्त्रताको ५० वर्ष र भारत-सेशेल्स कूटनीतिक सम्बन्धको ५० औं वार्षिकोत्सव पनि मनाउँदैछ। उहाँले भारतको महासागर दृष्टिकोणमा सेशेल्सको महत्त्वपूर्ण स्थान रहेको कुरामा प्रकाश पार्नु भयो जसले विकासको लागि व्यापार, दिगो विकासको लागि क्षमता निर्माण र साझा भविष्यको लागि पारस्परिक सुरक्षाको स्तम्भहरूमा आधारित सहयोगलाई अझ बलियो बनाउने लक्ष्य राखेको छ। उहाँले जोड दिनुभयो, यस दृष्टिकोण अन्तर्गत, भारत सेशेल्सको विकास र सुरक्षा आवश्यकताहरू पूरा गर्न सधैं तयार छ। राष्ट्रपतिले विश्वास व्यक्त गर्नुभयो, यस भ्रमणको क्रममा घोषणा गरिएको विशेष आर्थिक प्याकेजले स्वास्थ्य, पूर्वाधार, शिक्षा, रक्षा र क्षमता निर्माण जस्ता प्राथमिकताका क्षेत्रहरूमा भारत-सेशेल्स सहयोगलाई नयाँ गति प्रदान गर्नेछ।दुई नेताहरू दुई देशहरूबीच द्विपक्षीय सहयोगलाई अझ गहिरो बनाउने अपार सम्भावना रहेको कुरामा सहमत भए।

**प्रधानमन्त्री-मरीशस**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो मौरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलामसँग टेलिफोन वार्ता गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले यो कुराकानीले दुई देशबीचको विशेष, ऐतिहासिक र जनकेन्द्रित सम्बन्धलाई अझ सुदृढ पार्ने प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बताउनु भयो। दुई नेताले व्यापक सहयोगमा भएको प्रगतिको पनि समीक्षा गर्नुभयो।प्रधानमन्त्री श्री मोदीले भारत र मौरिससले हिन्द महासागर क्षेत्रमा शान्ति र स्थिरताको साझा लक्ष्यका लागि सँगै काम गर्न जारी राख्ने बताउनु भयो। श्री मोदीले अर्को हप्ता हुने आर्टिफिसियल इन्टेलिजेन्स इम्प्याक्ट समिटमा डा. रामगुलामलाई स्वागत गर्न आफू उत्सुक रहेको बताउनु भयो।

**प्रधानमन्त्री-महाराष्ट्र**

प्रधानमन्त्री नरेन्द्र मोदीले महाराष्ट्र जिल्ला परिषद्को चुनावमा भारतीय जनता पार्टी र महायुती गठबन्धनको शानदार सफलताको स्वागत गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले ग्रामीण र शहरी महाराष्ट्रका जनता सुशासन र राज्यको गौरवशाली संस्कृति अनुरूप काम गर्ने गठबन्धन चाहन्छन् भनी बताउनु भयो। उहाँले तल्लो तहमा पार्टी कार्यकर्ताहरूको अथक परिश्रमको प्रशंसा गर्नु भयो।

**वित्त मञ्च**

वित्तमन्त्री निर्मला सीतारमणले २०२६-२७ को केन्द्रीय बजेटले व्यवसाय र उद्योगहरूको लागि आफ्नो नीतिगत दृष्टिकोणमा निरन्तरता, निश्चितता र सही पूर्वानुमान सुनिश्चित गर्ने सरकारको प्रतिबद्धतालाई स्पष्ट रूपमा प्रदर्शन गरेको बताउनु भएको छ। उहाँले भन्नु भयो, यो बजेटले व्यवसाय र उद्योगहरूलाई दीर्घकालीन योजना बनाउन र आफ्नो लगानी प्रतिबद्धताहरू पूरा गर्न सक्षम बनाउनेछ। हिजो नयाँ दिल्लीमा अमेरिका-भारत रणनीतिक साझेदारी मञ्चका बोर्ड सदस्यहरूलाई सम्बोधन गर्नु हुँदै वित्त मन्त्रीले सेमीकंडटर र इलेक्ट्रॉनिकी विनिर्माण घटक, बायोफार्मा शक्ति र रेयर-अर्थ कॉरिडोरसित सम्बन्धित विभिन्न क्षेत्रहरूमा सुधारका लागि घोषणाहरू विषयमा पनि प्रकाश पार्नु भयो।

सुश्री सीतारमणले देशको उत्पादन क्षमतालाई सुदृढ पार्न र सूक्ष्म, साना र मझौला उद्यमहरूलाई सुदृढ पारेर उद्योगहरूको स्तरोन्नति गर्न विशेष ध्यान दिइएको बताउनु भयो। बजेटमा सुधारको गतिलाई तीव्र बनाउन लिइएका नीतिगत उपायहरूको बारेमा बोर्ड सदस्यहरूलाई जानकारी गराइयो। उनीहरूले बढ्दो विश्वव्यापी अनिश्चितताको बीचमा वित्तीय अनुशासन कायम राख्न सरकारको प्रतिबद्धताको प्रशंसा गर्नु भयो।

**वैष्णव-सर्जियो गोर**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा अमेरिकी राजदूत सर्जियो गोरसँग भेट गर्नुभयो। दुई नेताहरूले विशेष गरी अर्धचालक, इलेक्ट्रोनिक्स उत्पादन र लचिलो आपूर्ति शृङ्खलाहरूमा ध्यान केन्द्रित गर्दै रणनीतिक सम्बन्धलाई सुदृढ पार्ने बारेमा छलफल गर्नुभयो।

सामाजिक सञ्जाल पोस्टमा, श्री वैष्णवले भन्नु भयो, उहाँ आर्टिफिसियल इन्टेलिजेन्स इम्प्याक्ट समिट २०२६ मा अमेरिकी सहभागिताको लागि तत्पर छन्।

**शिवराज-मथुरा**

केन्द्रीय कृषिमन्त्री शिवराज सिंह चौहानले भारत-अमेरिका व्यापार सम्झौता राष्ट्रिय हितमा सबैभन्दा राम्रो सम्झौता भएको बताउनु भएको छ। यसले किसानहरूको हितको पूर्ण रूपमा रक्षा गर्दछ। मथुरामा गोवर्धन परिक्रमापछि सञ्चारकर्मीसँग कुरा गर्नु हुँदै कृषिमन्त्रीले भन्नु भयो, यो व्यापार सम्झौताले भारतका किसान, महिला र युवाहरूको सपनालाई नयाँ उड़ान दिनेछ र उनीहरूलाई प्रगति र विकासको नयाँ उचाइमा पुग्न सक्षम बनाउनेछ। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशको कूटनीति विकसित भइरहेको छ। उहाँले दाबी गर्नु भयो, गहुँ र चामल लगायत प्रमुख अन्नहरू यस सम्झौतामा पूर्ण रूपमा सुरक्षित छन्। श्री शिवराज सिंह चौहानले भन्नु भयो, हालैको सम्झौताले किसानहरूको हितको पूर्ण रूपमा रक्षा गर्नेछ।

**नीति आयोगको रिपोर्ट**

नीति आयोगले नयाँ दिल्लीमा विकसित भारत र नेट ज़ीरोसँग सम्बन्धित तीन अध्ययन  रिपोर्टहरू जारी गऱ्यो। यी रिपोर्टहरूले समग्र रोडम्याप, व्यापक आर्थिक प्रभाव र वित्तीय आवश्यकताहरूलाई ध्यान दिइएको छ। उक्त रिपोर्ट विमोचनका क्रममा, मुख्य आर्थिक सल्लाहकार डा. वी. अनन्त नागेश्वरनले विकसित भारतको लक्ष्य प्राप्त गर्ने दिशामा यसलाई महत्त्वपूर्ण मार्गदर्शकको रूपमा वर्णन गर्नु भयो। उहाँले ऊर्जा संक्रमण भारतको दीर्घकालीन विकास रणनीतिको एक प्रमुख स्तम्भ हो भन्ने कुरामा जोड दिनु भयो, जुन आर्थिक सर्वेक्षण २०२५-२६ मा पनि उल्लेख गरिएको छ। उहाँले भन्नु भयो, यी प्रतिवेदनहरूले देशको विकासमा भविष्यका छलफलहरूको लागि मापदण्डको रूपमा काम गर्नेछन्। डा. नागेश्वरनले संघीय बजेट २०२६-२७ मा उल्लिखित आकांक्षाहरू अनुरूप उत्पादन क्षमताहरूलाई सुदृढ पार्ने महत्त्वलाई पनि प्रकाश पार्नु भयो।

**जयसवाल, ब्रिक्स शेर्पा**

ब्रिक्स शिखर सम्मेलनको तयारीमा संलग्न अधिकारीहरूको पहिलो बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका ब्रिक्स संगठनका मुख्य सदस्य हुन्। यस वर्ष भारतले चौथो पटक संगठनको अध्यक्षता गरिरहेको छ। आर्थिक सम्बन्ध सचिव तथा भारतका ब्रिक्स शेरपा सुधाकर डलेलाले प्रधानमन्त्री नरेन्द्र मोदीको जनउत्साही र मानवीय दृष्टिकोणमा आधारित भारतको ब्रिक्स अध्यक्षताको प्राथमिकताहरू रेखांकित गर्नु भयो। उहाँले समायोजन, नवीनता, सहयोग र निरन्तरता कायम राख्ने संगठनको लक्ष्यलाई जोड दिनु भयो।भारतले यसअघि २०१२, २०१६ र २०२१ मा ब्रिक्सको अध्यक्षता गरिसकेको छ।

**आईसीसी - पाकिस्तान-बांग्लादेश**

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आईसीसीले आईसीसी पुरुष T20 विश्वकप २०२६ को सबै निर्धारित म्याचहरूमा पाकिस्तानको सहभागिता पुष्टि गरेको छ। यसमा १५ फरवरीमा कोलम्बोमा भारत विरुद्धको म्याच पनि समावेश छ। आईसीसीले पाकिस्तान क्रिकेट बोर्डसँगको छलफल व्यापक सहकार्यको अंश भएको बताएको छ। दुवै पक्षले म्याचको हितको रक्षा गर्न निष्पक्षता, तटस्थता र सहयोग कायम राख्न एकताबद्ध, प्रतिबद्ध र उद्देश्यपूर्ण हुन सहमत भएका छन्। आईसीसीले भनेको छ, सबै सदस्यहरूले आईसीसी कार्यक्रमहरूमा सहभागिताको सर्तहरू अन्तर्गत आफ्ना प्रतिबद्धताहरूको सम्मान गर्नेछन् र आईसीसी पुरुष T20 विश्वकपको यस संस्करणको सफलता सुनिश्चित गर्न आवश्यक सबै प्रयास गर्नेछन्।पहिले आईसीसी पाकिस्तान क्रिकेट बोर्ड र बंगलादेश क्रिकेट बोर्ड बीसीबीबीच बैठक भएको थियो। यसपछि आईसीसीले पुष्टि गऱ्यो कि बंगलादेशले प्रतियोगिताबाट अनुपस्थित भएमा कुनै पनि जरिवाना भोग्नु पर्ने छैन। यसबाहेक, यदि तिनीहरूले आईसीसीको मानक होस्टिंग प्रक्रिया र आवश्यकताहरूको पालना गर्छन् भने तिनीहरूले आईसीसी पुरुष क्रिकेट विश्वकप २०३१ अघि आईसीसी कार्यक्रम आयोजना गर्ने अवसर पाउनेछन्।